स्थानीय सरकार

# कालीगण्डकी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

विर्घा, स्याङ्जा

स्थापित २०७३

पत्र संख्याः २०८३/८४
चलानी नं.

गण्डकी प्रदेश, नेपाल
मितिः २०८३।०६।०८

**सम्पूर्ण कालीगण्डकी गाउँपालिका बासीहरुमा उच्च सतर्कता अपनाउने सम्बन्धी अत्यन्त जरुरी सूचना !**

नेपाल मौसम विज्ञान विभाग,मौसम पूर्वानुमान महाशाखाको पूर्वानुमान तथा पूर्वाजानकारी अनुसार मिति **२०८३।०६।०८ गतेदेखि ११** गतेसम्म **भारी/अति भारी वर्षा** हुने सम्भावना रहेको हुँदा उक्त अवधिमा बाढी,पहिरो,डुबान,भू-क्षय तथा अन्य विपद्जन्य जोखिम बढ्न सक्ने भएकाले सम्पूर्ण गाउँपालिकाबासीहरुलाई उच्च सतर्कता अपनाउन हार्दिक अनुरोध गर्दछौं। विशेषगरी नदी,खोला,खोल्सा,पुल पुलेसा,भिरालो जमिन तथा पहिरोको जोखिमयूक्त क्षेत्रमा अनावश्यक आवतजावत नगर्न/नगर्नुहुन,अत्यावश्यक कामबाहेक लामो दूरीको यात्रा नगर्नुहुन तथा वर्षाको समयमा जोखिमयूक्त स्थानमा बसोबास नगर्न विशेष सावधानी अपनाउनुहुन अनुरोध छ।

सम्भावित विपद् बाट हुन सक्ने क्षति न्यूनीकरण लागि आफ्नो परिवारका सदस्य,बालबालिका,जेष्ठ नागरिक तथा अशक्त व्यक्तिहरुको सुरक्षामा विशेष ध्यान दिनुहुन,पशुचौपाय तथा आवश्यक खाद्यान्न,औषधि,खानेपानी लगायत अत्यावश्यक सामाग्री सुरक्षित स्थानमा व्यवस्थापन गरी राख्नुहुन अनुरोध गर्दछौं। वर्षाका कारण सडक तथा यातायात अवरुद्ध हुनसक्ने सम्भावनालाई मध्यनजर गर्दै आवश्यक पूर्वतयारी अपनाउनुका साथै कुनै विपद्जन्य घटना वा जोखिमको अवस्था देखिएमा/भेटिएमा तत्काल सम्बन्धित वडा कार्यालय,गाउँपालिका,सुरक्षा निकायमा जानकारी गराउनुहुन समेत अनुरोध गर्दछौं।

**सम्पर्क नम्बरहरुः १) प्रमुख प्रशासकीय अधिकृत ९८५६०००७०**

**२) सूचना अधिकारी ९८५६०१११८७**

**३) विपद शाखा प्रमुख ९८५६०५१९५०**

**४) इलाका प्रहरी कार्यालय जैपते ९८४६०१८८८८**

**५) विर्घा प्रहरी चौकी प्रमुख ९८ ५१२८४४२४/९८५६०५४००३**

०८३।०६।०८

**भेषराज आचार्य**
प्रमुख प्रशासकीय अधिकृत